# पहिलो अध्याय

# शोधकार्यको परिचय

## १.१ शोध-शीर्षक

भारतेली नेपाली समाजको एउटा ठुलो अंश दार्जिलिङका चियाकमानमा बसोबास गर्छ। नेपाली लोकजीवनका परिचायक संस्कार-संस्कृति, रीति-थितिको पालनसहित नेपाली भाषाको सूत्रमा बाँधिएर चियाकमानका मानिसहरू साहित्य सिर्जनाका दिशामा पनि अग्रसर छन्। नेपाली साहित्यका सन्दर्भमा यस भूभागबाट लोक साहित्यको रचना धेरै भएको हुन सक्छ। प्रारम्भिक समयका झ्याउरे गीत, लहरी, सवाई इत्यादिको पृष्ठभूमिमा लोक साहित्यको एउटा भण्डार थियो भन्ने कुरा अनुमानित छ। लोक साहित्यको आस्वादनमा सीमित रहेका यहाँका श्रमजीवी मानिसहरू जब आधुनिक शिक्षाको आलोकमा आउँदै गए तब तिनले आफ्ना भावनाको प्रकाशन लिखित रूपमा गर्दै गए। भावना प्रकाशन र साहित्य सृजनको सातत्यमा यस क्षेत्रबाट चियाकमानको जनजीवन प्रतिविम्बित गर्ने नेपाली उपन्यासहरूको रचना भयो। चियाकमानसित सम्बन्धित नेपाली उपन्यासहरूको अध्ययन गर्ने कार्य ग्रहण गरेर प्रस्तुत शोधकार्यको शीर्षक **चियाकमानको जनजीवन सन्दर्भित दार्जिलिङका नेपाली उपन्यासहरूको समाजपरक अध्ययन र मूल्याङ्कन** राखिएको छ।

## १.२ समस्या-कथन

उन्नाईसौं शदाब्दीको मध्यदेखि दार्जिलिङमा चियाखेतीको थालनी भएको थाहा लाग्छ। चियाखेतीमा संलग्न श्रमिकहरू युगौंदेखि कम्पनी र मालिकको नाफा कमाउने संसाधनका रूपमा खटनमा लागिपरेका छन्। तिनीहरूको सामाजिक परिचयन, आर्थिक

अवस्था, शैक्षिक स्तर, राजनैतिक चेतना चियाबारीको जनजीवन सन्दर्भित कतिपय उपन्यासमा चित्रण गरिएको पाइन्छ। नेपाली उपन्यासमा चियाबारीको समाज अन्वेषण गर्ने क्रममा यस शोध प्रबन्धले निम्नलिखित सम्स्याहरूमा केन्द्रित रहेर अध्ययन गर्ने काम गरेको छ-

- चियाकमानको सामाजिक जीवन कस्तो छ र त्यहाँका श्रमिकहरूले के-कस्ता जनसुविधाका कुराहरू प्राप्त गरेका छन्?
- श्रमजीवी मानिसहरूको जीवनको चित्रण गर्नमा उपन्यास कतिको सहायक विधा हुन सक्छ?
- उपन्यास र समाजको सम्बन्ध कस्तो छ अनि समाजका अन्य घटकहरूको विवरण उपन्यासमा कति उपयुक्तसँग हुन सकेको छ?
- दार्जिलिङका चियाकमानमा श्रमिकहरूको आर्थिक, शैक्षिक, स्वास्थ्यगत, राजनैतिक इत्यादि स्थितिको चित्रण उपन्यासमा कसरी भएको छ?
- दार्जिलिङका चियाकमानको अवस्था भारत स्वाधीन हुनुभन्दा अघि कस्तो थियो र त्यसपछि के कस्तो छ, स्वाधीनतापछि चियाकमानका श्रमिकहरूले कति सहुलियत पाएका छन्?
- नेपाली उपन्यासहरूले चियाकमानको सामाजिक-सांस्कृतिक इतिहासको कैरन कुन रूपमा गरेका छन्?
- नेपाली उपन्यासमा चियाकमानको जनजीवनका कुन कुन पक्षको चित्रण अधिक बिस्तारसँग भएको छ?

उपर्युक्त समस्याहरूलाई विचार गर्दै प्रस्तुत शोध प्रबन्धमा सम्बन्धित समस्याको समाधान गर्ने प्रयास गरिएको छ।

## १.३ शोधकार्यको उद्देश्य

नेपाली भाषामा चियाबारीको जनजीवनलाई विषय बनाएर लेखिएका उपन्यासहरूको अध्ययन गर्नु एउटा आवश्यक कुरा ठानिएको छ। यस क्षेत्रमा सिर्जनात्मक लेखन धेरथोर भएको पाइए तापनि त्यस्ता कृतिको अध्ययन र मूल्याङ्कन गर्ने काम भने सार्है भएको भेटिएन। डेढ सय वर्ष जति दार्जिलिङको पहाडी भूभागमा बसोबास गर्दै चिया उद्योगको विकास गर्ने श्रमजीवी मानिसहरूको कथा-व्यथाको चित्रणमा त्यहाँका सामाजिक, आर्थिक, राजनैतिक इत्यादि विषयको अन्तर्भावन के-कसरी भएको छ त्यसबारे अध्ययन गर्दै ऐतिहासिक सन्दर्भमा तिनको मूल्याङ्कन पनि गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ।

उत्तरबङ्ग विश्वविद्यालयको नेपाली विभाग नेपाली भाषा, साहित्य, समाज-संस्कृति इत्यादि विषयमा अध्ययन गर्ने एउटा शैक्षिक संस्था रहिआएको छ। यसै विभागअन्तर्गत शोधसम्बन्धी विश्वविद्यालयका नियमहरू पालन गर्दै पिएच डी डिग्री प्राप्त गर्ने ध्येय शोधकर्ताको रहेकाले सो प्रयोजनको पूर्ति गर्नु पनि यस शोधकार्यको एउटा मुख्य उद्देश्य मानिएको छ।

## १.४ पूर्वकार्यको सर्वेक्षण

चियाकमानको जनजीवनसम्बन्धी नेपाली भाषामा लेखिएका कृतिहरू अपेक्षाकृत बृहत् परिमाणमा नरहेको पाइन्छ। हुन त दार्जिलिङको अधिकांश भूभाग नै चियाबारीले ढाकेको छ अनि जनसमुदायको एउटा ठुलो अंश आफ्नो जीविका धान्नका निम्ति यसै उद्योगमा निर्भरशील पनि छ तथापि नेपाली नै जनसम्पर्कको भाषा भएको यस क्षेत्रबाट मुख्यतः केही उपन्यासहरूमा नै चियाबारीका जनजीवनको चित्रण भएको पाइन्छ भने साहित्यका अन्य विधामा उपन्यासका अपेक्षा कम सामग्री रहेको थाहा पाइएको छ।

चियाकमानको थालनी, विकास अनि यस उद्योगसित जोडिएका श्रमिकहरूको अवस्थाबारे स्थानीयदेखि लिएर देशी अनि विदेशी लेखकहरूले प्रकाश पार्ने काम गरेको पाइन्छ। यस शोधकार्यका निम्ति जुन विशेष विषय छनौट गरिएको छ त्यस विषयमा भने कुनै अध्ययन भएको पाइँदैन। चियाबारीको जनजीवनसित सम्बन्धित दार्जिलिङका नेपाली उपन्यासहरूबारे एकाध लेखक तथा आलोचकहरूले लेखेका थोरै सामग्री पाइए तापनि ती उपन्यासहरूको समाजपरक अध्ययन नौलो क्षेत्र नै ठानिएको छ।

चियाबारीका जनजीवनको चित्रण गर्ने उपन्यासहरूका सन्दर्भमा यसभन्दा अघि भएका अध्ययनको विवरण निम्न प्रकारले राख्न सकिन्छ-

- **नेपाली उपन्यासका आधारहरू** पुस्तकमा इन्द्रबहादुर राईले एउटा एउटा प्रवृत्तिका आधारमा नेपालीका केही प्रतिनिधि उपन्यासहरूको अध्ययन गरेका छन्। यस पुस्तकमा उनले गिरीशवल्लभ जोशीको **वीरचरित्र**देखि लिएर विश्वेश्वरप्रसाद कोइरालाको **सुम्निमा**सम्म नेपाली उपन्यासमा देखिएका मुख्य मुख्य प्रवृत्तिको चर्चा गर्दै तिनको विश्लेषण विविध सैद्धान्तिक आधारमा गरेका छन्। तर यस शोधकार्यका निम्ति पाइएका आधार कृति वा मूल उपन्यासहरूको छुट्टै चर्चा उनले त्यस पुस्तकमा गरेका छैनन्। नेपाली उपन्यासहरूको सर्वेक्षणका क्रममा **दुई मुहान एक स्रोत** उपन्यासबारे भने उनले महत्त्वपूर्ण मन्तव्य प्रकट गरेका छन्। त्यस पुस्तकमा उनी लेख्छन्, "चियाकमानका सामूहिक श्रमिक जीवनमा संयुक्त साङ्घर्षिक प्रगतिपथको प्रोत्साहन दिने कृति हर्क योञ्जनको **दुई मुहान एक स्रोत** (१९७२) छ। चिया उद्योगको राष्ट्रियकरण, व्यवस्थापनमा मजदुरहरूको सहभाग, विधानसभा र लोकसभामा श्रमिकहरूका प्रतिनिधि निर्वाचन हुने आवश्यकताहरूमा उपन्यासको आग्रह छ। कुनै एक पार्टीलाई मात्र कालो पोतेको यथार्थतालाई बेस भएन, सबै पार्टीकै नीति र कार्यमा व्यवधान, सबै पार्टीमै नीतिनिष्ठसँगै स्वार्थरत कर्ताहरूको उपस्थिति देखाइएको याथार्थिक र वस्तुतः

प्रागतिक आलोचना हुन्थ्यो।"[1] पुस्तकमा हर्क योञ्जनको उपन्यास **दुई मुहान एक स्रोत**लाई चियाकमानका श्रमिक जीवनको सङ्घर्षलाई प्रोत्साहन दिने कृतिका रूपमा चिनाइएको छ।

- **आधुनिक नेपाली उपन्यास – सर्वेक्षण र अध्ययन** पुस्तकमा मोहन पी. दाहालले पाँचवटा आधुनिक उपन्यासहरूको विविध सन्दर्भ र सैद्धान्तिक आधारमा अध्ययन गर्दा तिनमा **आज रमिता छ** र **जुनेली रेखा** उपन्यासलाई पनि आफ्नो अध्ययनमा सामेल गरेका छन्। **आज रमिता छ**लाई विशेष गरी दार्जिलिङको नागर जीवनका मध्यम वर्गको चित्रण गर्ने कृतिका रूपमा विश्लेषण गर्दै यसमा देखिएको चियाबारीको सन्दर्भलाई पनि उनले महत्त्वपूर्ण ठहऱ्याएका छन्। यस सन्दर्भमा उनी लेख्छन्, "१९४५ देखि दार्जिलिङका चियाकमानहरूमा सुरु भएको सङ्गठित मजदुर आन्दोलनको प्रथम अध्याय १९५५ को मार्गरेट्स्होप चियाकमानको पुलिस गोलीकाण्डमा समाप्त हुन्छ। आर्थिक विषय लिएर दार्जिलिङका चियाकमानका मजदुरहरूले चलाएको त्यो प्रथम आन्दोलन विशेष उल्लेखयोग्य घटना मान्न सकिन्छ। त्यही ऐतिहासिक घटनाको स्थान परिवर्तन गरेर **आज रमिता छ**को दोस्रो पक्ष आधृत छ।"[2] राजनैतिक दलभित्रको कलह, चियाकमानहरूमा प्रचलित दुर्नीति, कमानका मजदुरहरूमाथि अन्यायपूर्ण दबाउ, पुलिस गोलीकाण्डद्वारा मजदुरहरूको मृत्यु इत्यादि कुराहरू **आज रमिता छ** उपन्यासले उठान गरेको छ भनी दाहालले उल्लेख गरेका छन्।
- मोहन पी. दाहालको यसै पुस्तकमा उनले **जुनेली रेखा** उपन्यासको चर्चा विशेष हट्टाबाहिरका सन्दर्भमा गरेका छन्। उपन्यासबारे उनले लेखेका छन्, "अङ्ग्रेजको शासनकालमा चियाकमानका मजदुरहरूको अवस्था कति दयनीय रहेछ त्यो यहाँ

---

[1] इन्द्रबहादुर राई, नेपाली उपन्यासका आधारहरू, काठमाडौँ, सा. प्र., द्वि. सं., वि. स. २०५०, पृ. २९९.

[2] मोहन पी. दाहाल, आधुनिक नेपाली उपन्यास – सर्वेक्षण र अध्ययन, दार्जिलिङ, दार्जिलिङ ग्रन्थकार सहकारी समिति, प. सं., १९९३, पृ. ५६.

प्रस्ट हुन्छ। अतः उपन्यासको पहिरनमा **जुनेली** रेखा तत्कालीन दार्जिलिङका चियाकमानको यथार्थ चित्रण प्रतीत हुन्छ। यस उपन्यासले इतिहास बोल्छ; गोराहरूको मनमानी सम्झाउँछ; कमानका म्यानेजरहरूको जुलुम देखाउँछ।"[३] हट्टाबाहिरको प्रसङ्गसहित दाहालले यस पुस्तकमा **जुनेली रेखा** उपन्यासको विवेचना ऐतिहासिक-राजनैतिक सन्दर्भमा गरेको पाइन्छ।

- नेपाली जर्नलमा प्रकाशित **समकालीन भारतीय नेपाली उपन्यासमा प्रगतिवादी चेतना** नामक आफ्नो लेखमा जस योञ्जन प्यासीले **यन्त्रणा** र **दुई मुहान एक स्रोत** उपन्यासलाई निक्खर प्रगतिवादी चेतनामा लेखिएका उपन्यासका रूपमा व्याख्यायित गरेका छन् भने भारतीय नेपाली उपन्यासमा प्रगतिवादी चेतनाको छनक दिने उपन्यासचाहिँ इन्दबहादुर राईको **आज रमिता छ** नै हो भनी मानेका छन्। यस लेखमा उनले रवीन्द्रकुमार मोक्तानको उपन्यास **दुई पात एक सुइरोको** पनि चर्चा गरेका छन् तर उपन्यासलाई रोमाञ्चकारी साथै दुःखान्त ढङ्गले सिद्ध्याउने प्रयासमा उपन्यासकार प्रगतिवादी चेतनाका सफल उपन्यासकारका हाँचबाट अलग्गिन्छन् भन्ने प्यासीको धारणा रहेको पाइन्छ। उनी लेख्छन्, "द्वन्द्वात्मक भौतिकवादभित्रका मूल सूत्र वाद, प्रतिवाद र संवाद **दुई मुहान एक स्रोतमा** ठ्याक्क मिल्नु नै यस उपन्यासमा पाइने प्रगतिवादी चेतना हो।"[४] यस लेखमा उनले असीत राईको उपन्यास **नयाँ क्षितिजको खोजलाई** ऐतिहासिक भौतिकवादमा आधारित भन्न पुरै नमिलिहाले तापनि त्यसैका सेरोफेरोमा लेखिएको उपन्यास ठानेका छन्। **यन्त्रणा** उपन्यासबारे उनको मन्तव्य यस्तो पाइन्छ, "यसमा कमानलाई आफ्नो जमिन-जेथा सम्झेर अन्याय-अत्याचार र

---

[३] मोहन पी. दाहाल आधुनिक नेपाली उपन्यास – सर्वेक्षण र अध्ययन, पृ. ८१-८२

[४] जस योञ्जन प्यासी, *समकालीन भारतीय नेपाली उपन्यासमा प्रगतिवादी चेतना*, मोहन पी. दाहाल र नरेशचन्द्र खाती (सम्पा.), नेपाली जर्नल, दार्जिलिङ, नेपाली विभाग, उत्तरबङ्ग विश्वविद्यालय, शरद्-शिशिर २००१-२००२, पृ. ६५.

शोषण गर्ने मालिकको शासन र षडयन्त्र विरुद्ध सङ्घर्ष गर्दै दुई बेला गाँस र एक झप्की निद्राका लागि बासका निम्ति न्याय खोज्ने सधैँ थिचिएका, मिचिएका, दलित-अवहेलित कमाने दाजु-भाइ, दिदी-बहिनीहरूको कष्टमय जीवनको आख्यायन छ।"[५] यसरी प्यासीको उक्त लेखमा **आज रमिता छ, दुई पात एक सुइरो, दुई मुहान एक स्रोत, नयाँ क्षितिजको खोज** र **यन्त्रणा** उपन्यासहरूको अध्ययन प्रगतिवादी दर्शनको आलोकमा गरिएको पाइन्छ।

- मोहन पी. दाहालको अर्को पुस्तक **दार्जिलिङका नेपाली उपन्यास : परम्परा र प्रवृत्तिमा** सन् १९६४ सम्ममा प्रकाशित नेपाली उपन्यासहरूको अध्ययन गर्ने क्रममा १९६४ मा नै प्रकाशित **आज रमिता छ** उपन्यासको अध्ययन भएको छ। यस उपन्यासबारे निष्कर्ष प्रस्तुत गर्दै उनले लेखेका छन्, "**आज रमिता छ** सामाजिक जीवनको यथार्थलाई अङ्कन गर्ने जीवनवादी यथार्थवादी रचना हो र यसमा दार्जिलिङ पहाडी अञ्चलका नेपालीहरू (सहरिया एवं चियाकमानका मजदुर) को समाज-आर्थिक उत्थान (सोसियो-इकनमिक अपलिफ्टमेन्ट) सम्बन्धी विषयवस्तु लिएर उनीहरूको समाज-राजनीतिक जीवन (सोसियो-पोलिटिकल लाइफ) को चित्रण-वर्णन गरिएको छ र यसैले यो कृति दार्जिलिङको समाजशास्त्रीय अध्ययनोन्मुखी छ।"[६] सामाजिक जीवनको आलोकमा उपन्यासको अध्ययन हुनुपर्ने अपेक्षालाई मोहन पी दाहालले उक्त अध्ययनमा स्वीकार गरेको कुरो यस शोधका निम्ति महत्वपूर्ण ठानिन्छ।
- **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** पुस्तकमा राजेन्द्र सुवेदीले नेपाली उपन्यासको प्रवृत्तिगत अध्ययन गर्ने क्रममा आदर्शवादी, स्वच्छन्दतावादी र आदर्शोन्मुख यथार्थवादी नेपाली उपन्यासका फेहरिस्त बनाएको पाइन्छ। **दुई पात एक**

---

[५] जस योञ्जन प्यासी, *समकालीन भारतीय नेपाली उपन्यासमा प्रगतिवादी चेतना*, नेपाली जर्नल, पृ. ५.
[६] मोहन पी. दाहाल, दार्जिलिङका नेपाली उपन्यास : परम्परा र प्रवृत्ति, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन, प. सं., २००१, पृ. २९२.

सुइरोसहित रवीन्द्रकुमार मोक्तानका चारैवटा उपन्यासलाई उनले स्वच्छन्दतावादी उपन्यासको फेहरिस्तमा राखेका छन्। तिनै उपन्यासहरू आदर्शोन्मुख यथार्थवादी उपन्यासको फेहरिस्तमा पनि छन्। इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासलाई मनोवविश्लेषणात्मक प्रवृत्तिको पनि मानिएको छ भने विसङ्गतिवादी उपन्यासको कोटिमा राखेर यसको विशद् विश्लेषण गरिएको छ। यसै पुस्तकमा सुवास घिसिङका उपन्यासहरू **फूलमाया** र **मने** स्वच्छन्दतावादी उपन्यासका रूपमा दरिएका छन्। सुवेदीले लेखेका छन्, "अच्छा राई र शिवकुमार राईले आरम्भ गरेको आलोचनात्मक यथार्थवादी चेतनाको प्रयोग र रोमान्सेली प्रस्तुतिको प्रभावकारी भावना मोक्तान (रवीन्द्रकुमार) का उपन्यासले प्रतिपादित गरेका छन्।"[७]

- नेपाली उपन्यासबारे अध्ययन गर्ने प्रतिनिधि मानिएका ग्रन्थहरू कृष्णचन्द्रसिंह प्रधानको **नेपाली उपन्यास र उपन्यासकार**, कृष्णहरि बराल र नेत्र एटमको **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**जस्ता ग्रन्थमा रवीन्द्रकुमार मोक्तान, हर्क योन्जन विरही, सुवास र असीत राईका उपन्यासहरूबारे कुनै पनि किसिमको चर्चा सैद्धान्तिक आधारमा गरिएको पाइँदैन। कृष्णचन्द्रसिंह प्रधानले आज रमिता छ उपन्यासको अध्ययनका क्रममा कमानको आन्दोलन र कमानका मानिसहरूद्वारा म्यानेजर कुटिएको कुराको उल्लेखसम्म गरेका छन्।[८] यसका अतिरिक्त उनले उपन्यासमा पात्रहरूका विसङ्गत जीवनको चित्रण गरिएको पक्षमा विशेष ध्यान दिँदै सोही पक्षको अध्ययन अधिक गरेका छन्।

---

[७] राजेन्द्र सुवेदी, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति**, वाराणसी, भूमिका प्रकाशन, प्र. सं., वि. स. २०५३, पृ. ७४.

[८] कृष्णचन्द्रसिंह प्रधान, **नेपाली उपन्यास र उपन्यासकार**, ललितपुर, सा. प्र., दो. सं., २०४३, पृ. ३१९.

## १.५ शोधशीर्षकको औचित्य

पूर्वकार्यको सर्वेक्षणअन्तर्गत उल्लेख गरेर देखिएका कतिपय प्रयोजनको पूर्ति गर्नुपर्ने आधारले यस शोधकार्यको औचित्य सङ्केतित रहेको बुझ्न सकिन्छ। चियाकमानको जनजीवनकै सन्दर्भमा यसभन्दा अघि कुनै पनि किसिमको अध्ययन नभएकाले साथै उपन्यासको अध्ययन भएका पुस्तकमा इन्द्र सुन्दास, हर्क योन्जन 'विरही', रवीन्द्रकुमार मोक्तान, सुवास, असीत राईजस्ता चियाबारीको जनजीवनलाई लिएर उपन्यास लेख्ने प्रतिनिधि उपन्यासकारहरूका कृतिको समुचित अध्ययन नभएकाले चियाबारीको जनजीवनसित सम्बन्धित नेपाली उपन्यासको अध्ययन गर्ने काममा यस शोधकार्यको निश्चय नै औचित्य रहेको मानिन्छ।

## १.६ शोधकार्यको क्षेत्र र सीमाङ्कन

नेपाली भाषामा चियाबारीसित सम्बन्धित वाङ्मयको एउटा सानो भण्डार भए तापनि त्यसको पनि एउटा अंशको मात्र चयन गरी यस शोधकार्यको सीमा निश्चित गर्ने काम गरिएको छ। नेपाली उपन्यासहरूमा पनि दार्जिलिङ क्षेत्रबाट लेखिएका तथा दार्जिलिङकै लेखकहरूले लेखेका पुस्तकको अध्ययन गर्ने काममा यो शोधकार्य सीमित छ। दार्जिलिङको भूभाग चियाबारीले ढाकिएको छ अनि धेरै लेखकहरू चियाबारीको जनजीवनसित सम्बन्धित पनि छन्। यस दृष्टिले अध्ययन सामग्रीको क्षेत्र पनि सोझै यसै कुरासित जोडिन आउँछ। वस्तुतः दार्जिलिङका चियाकमानको समाज, जनजीवन र दार्जिलिङबाट लेखिएका उपन्यासहरूलाई अध्ययनको क्षेत्र स्वीकार गर्दै सोही विषयमा यो शोध कार्य सीमाङ्कित गरिएको छ।

## १.७ शोधविधि

### १.७.१ शोधकार्यको सैद्धान्तिक आधार

प्रस्तुत शोधकार्य समाजपरक अध्ययन भएकाले समाज गठनका पछाडि रहेका मुख्य मुख्य घटकहरूका आधारमा उपन्यास-कृतिको अध्ययन अपेक्षित बुझिएको छ। समाज भनेको एउटा समूहगत व्यवस्था भएकाले यसभित्रका साझा मान्यता, मूल्य र आदर्शद्वारा मानिसको जीवन सञ्चालित भएको हुन्छ। समाजशास्त्रीय अध्ययन एउटा सैद्धान्तिक आधारमा गरिने अध्ययन हो। सामाजिक अन्तर्सम्बन्धलाई ध्यानमा राखेर साहित्य र समाजका सम्बन्धको व्याख्या समाजशास्त्रीय अध्ययनमा गरिन्छ अनि यसै कुरालाई ध्यानमा राखेर साहित्यको समाजशास्त्र विकसित भएको पाइन्छ।

उपन्यासको समाजशास्त्रीय अध्ययनको सहायता लिइएको भए तापनि प्रस्तुत शोधकार्यलाई शुद्ध समाजशास्त्रीय अध्ययनका रूपमा नलिएर कृतिको समाजपरक वैशिष्ट्य खुट्ट्याउने दिशामा लगिएको छ। त्यसैले समाजशास्त्रीय अध्ययनका विविध कोटिहरू मार्क्सवादी अध्ययन, मनोविश्लेषणवादी अध्ययन इत्यादि कुनै पनि आधारलाई मुख्य नबनाउँदै चियाकमानको जनजीवनसित सन्दर्भित दार्जिलिङका नेपाली उपन्यासहरूको समाजपरकता विचार गरी समाज संरचनाका घटकहरूका आधारमा औपन्यासिक कृतिको अध्ययन र मूल्याङकन गर्ने काम यसमा भएको छ। त्यसो गरिने अभिप्राय राखिएको हुँदा उपन्यास र मानव समाज, उपन्यास र मानव जीवन, सामाजिक दृष्टिले उपन्यासको उपयोगिता, उपन्यासमा सामाजिक चित्रण, उपन्यासमा ऐतिहासिक चेतना इत्यादि विषयलाई मुख्य आधार मान्दै उपन्यासको समाजपरक अध्ययन गर्ने काम यस शोध प्रबन्धमा गरिएको छ।

समाजपरक अध्ययन गर्ने प्रक्रममा सामाजिक-सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनैतिक, स्वास्थ्यगत आदि आधारमा चियाबारीको जनजीवनसित सम्बन्धित दार्जिलिङका नेपाली उपन्यासहरूको अध्ययन यस शोधकार्यमा गर्न सम्भव भएको

ठानिएको छ। यस कार्यमा विशेष रूपले ऐतिहासिक सन्दर्भको अध्ययन पनि गर्ने प्रयास गरिएको छ। शोध प्रबन्धमा भाषिक एकरूपतामाथि ध्यान पुऱ्याउँदै जतिसक्दो प्रबन्धको सुरुदेखि अन्त्यसम्म एउटै किसिमको भाषा र वर्णविन्यास प्रयोग गर्ने प्रयास गरिएको छ वर्णविन्यासका निम्ति हेमाङ्गराज अधिकारीद्वारा सम्पादित **प्रयोगात्मक नेपाली शब्दकोश** (वि. स. २०६१) को सहायता लिइएको छ।

### १.७.२ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यको निम्ति शोधकार्यको सैद्धान्तिक आधारमा उल्लेख गरिए बमोजिम तत्विषयलाई ध्यानमा राखेर उपन्यासको अध्ययन-विश्लेषण गरिएको छ भने यसका निम्ति सामग्री सङ्कलन गर्ने काम मुख्यतः दुईवटा स्रोतबाट गरिएको छ।

### १.७.२.१ पुस्तकालय

प्रस्तुत शोधकार्यका निम्ति सामग्री सङ्कलन गर्दा विभिन्न पुस्तकालयबाट सहयोग प्राप्त गरिएको छ। यसका निम्ति उत्तरबङ्ग विश्वविद्यालयको केन्द्रीय ग्रन्थागार, बनारस हिन्दू विश्वविद्यालयको केन्द्रीय पुस्तकालय (वाराणसी), त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय (काठमाडौं), नेपाल-भारत सांस्कृतिक सङ्घको पुस्तकालय (काठमाडौं), केन्द्रीय पुस्तकालय (कोलकाता), देवकोटा सङ्घ ग्रामीण पुस्तकालय (सिलगढी), देशबन्धु जिल्ला पुस्तकालय (दार्जिलिङ), दार्जिलिङ प्लान्टर्स एसोसियसनको पुस्तकालय (दार्जिलिङ) आदिको उपयोग गरिएको छ।

### १.७.२.२ क्षेत्रकार्य

दार्जिलिङका विभिन्न चियाकमानमा गएर त्यहाँका श्रमिकहरूसँग कुराकानी गरी उपयुक्त सामग्री सङ्कलन गरिएको छ। यस क्रममा विशेषतः मिरिक क्षेत्रको फुगुडी चियाकमान, खरसाङको नजिकमा रहेको घुम्ती चियाकमान, महारानी चियाकमान,

मार्गरेट्स होप चियाकमान अनि दार्जिलिङका पान्डाम चियाकमान र धेरै वर्षअघि नै बन्द भइसकेको हरसिङहट्टा र मिनरल स्प्रिङ चियाकमानमा गरिएको क्षेत्रकार्यबाट निकै सघाउ पुगेको ठानिएको छ। यसैले चियाकमानमा काम गर्ने कतिपय मानिसहरूसँग भेट गरी तिनीहरूसित गरिएको कुराकानीलाई पनि विषयगत एउटा स्रोत मानिएको छ।

## १.८ शोध प्रबन्धको सङ्गठन

प्रस्तुत शोध प्रबन्धलाई छवटा अध्यायमा विभाजन गरी विषयको अध्ययन गर्ने काम गरिएको छ।

पहिलो अध्यायमा **शोधकार्यको परिचय** राखिएको छ। जम्मा १० वटा उपशीर्षक राखेर यस अध्यायको सङ्गठन गरिएको छ जसमध्ये शोधशीर्षक, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको सर्वेक्षण, शोधशीर्षकको औचित्य, शोधकार्यको क्षेत्र र सीमाङ्कन, शोधविधि, शोध प्रबन्धको सङ्गठन, शोधकार्यको निष्कर्ष अनि भावी शोधकर्ताका निम्ति सुझाउ राखिएका छन्। यस अध्यायमा शोधकार्यको परिचय दिँदै प्रयोजन, औचिंत्य आदि बारे पनि प्रकाश पार्दै यस अध्ययनको सैद्धान्तिक आधारबारे स्पष्ट पारिएको छ भने बुँदागत रूपमा शोधकार्यको निष्कर्ष राखेर भावी शोधकर्ताका निम्ति सुझाउ पनि प्रस्तावित गरिएको छ।

दोस्रो अध्याय शोधकार्यको सैद्धान्तिक आधारसित सम्बन्धित छ। यस शोधकार्यमा उपन्यास र समाज मुख्य रूपले अध्ययनका विषय भएको हुनाले सोहीअनुरूप यस अध्यायको शीर्षक पनि **उपन्यास र समाज** राखिएको छ। यस अध्यायको संरचना मुख्य दुईवटा खण्डमा गरिएको छ जसमा एउटा खण्ड **उपन्यास** छ भने अर्को खण्ड **समाज** रहेको छ। उपन्यास खण्डअन्तर्गत उपन्यासको परिचय, स्वरूप, संरचना र वर्गीकरण राख्दै उपन्यासका संरचनात्मक तत्त्वहरू, औपन्यासिक प्रविधि र प्रवृत्तिहरूबारे प्रकाश पार्ने काम गरिएको छ। यस क्रममा वाद वा धारागत, विषयवस्तुगत

तथा प्रस्तुतिगत आधारमा उपन्यासका प्रवृत्तिहरूको चर्चा गरिएको छ भने उपन्यासका संरचनागत तत्त्वहरूमा कथा, कथानक, कथावस्तु, पात्र, चरित्र, परिवेश, दृष्टिविन्दु, विचार तत्त्व इत्यादिको चर्चा मुख्य रूपले गर्ने काम भएको छ। वाद वा धाराको चर्चा अधिक विस्तृत हुने ठानेर उपन्यासको अध्ययनसित अधिक सान्दर्भिक यथार्थवादी दृष्टिको चर्चासम्म यसलाई सीमित राखिएको छ। यसै अध्यायको दोस्रो खण्डमा समाजको परिचय, स्वरूप र सङ्गठनबारे परिचयात्मक चर्चा गर्दै समाजशास्त्रको परिचय पनि राखिएको छ। यसै सन्दर्भलाई विचार गरेर उपन्यास र समाजको सम्बन्ध, सामाजिक दृष्टिले उपन्यासको उपयोगिता, उपन्यासमा सामाजिक चित्रण, आर्थिक चित्रण, धार्मिक-सांस्कृतिक चित्रण इत्यादि विषयमा चर्चा गरिएको छ अनि उपन्यासमा ऐतिहासिक चेतनाबारे एउटा कैरन प्रस्तुत गरिएको छ।

तेस्रो अध्याय दार्जिलिङका चियाकमानको परिचयसित सम्बन्धित छ। **दार्जिलिङमा चियाकमानको थालनी, विकास र कमानको अवस्था** शीर्षक रहेको यस अध्यायमा दार्जिलिङमा चियाकमानको थालनी र विकासबारे प्रकाश पार्ने प्रयास गरिएको छ। चियाकमानका श्रमिकहरूको अवस्था बुझ्ने क्रममा यसलाई स्वाधीनता पूर्वकाल र स्वाधीनता उत्तरकाल गरी दुईवटा उपशीर्षकमा राखिएको छ भने तिनै उपशीर्षकअन्तर्गत श्रमिकहरूको सामाजिक-सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनैतिक इत्यादि अवस्थाबारे पनि अध्ययन राखिएको छ।

शोध प्रबन्धको चौथो अध्यायमा शोधकार्यको मूल विषय **चियाकमानको जनजीवन सन्दर्भित दार्जिलिङका नेपाली उपन्यासहरूको समाजपरक अध्ययन** रहेको छ। मुख्य विश्लेषणीय कृतिका रूपमा **आज रमिता छ, दुई पात एक सुइरो, दुई मुहान एक स्रोत, जुनेली रेखा, सहारा, यन्त्रणा, नयाँ क्षितिजको खोज, मने, फूलमाया** र **तर कहिले?** उपन्यासहरूको अध्ययन यस अध्यायमा गरिएको छ। चियाकमानको सामाजिक-सांस्कृतिक जीवन, आर्थिक अवस्था, शिक्षा र स्वास्थ्यजस्ता जनसुविधाका कुराहरू,

राजनैतिक चेतना इत्यादिका आधारमा उक्त उपन्यासहरूको विश्लेषण गर्ने काम गरिएको छ। ऐतिहासिक सन्दर्भमा उपन्यासमा समय तत्त्वको समायोजन विचार गरिएको छ भने औपन्यासिक परिवेशअन्तर्गत काल-चेतनाको प्रकाश कतिसम्म भएको छ त्यो हेर्ने प्रयास गरिएको छ। यस अध्यायमा औपन्यासिक तत्त्व, प्रविधि, प्रवृत्ति, आयाम इत्यादिमा भन्दा पनि उपन्यासको समाजसापेक्ष विश्लेषणमा नै बढी ध्यान दिइएको छ। त्यसो हुँदा उपन्यासमा निहित भाव वा विषयवस्तु नै अध्ययनको मुख्य विषय ठानिएको छ।

पाँचौँ अध्यायमा विश्लेषण गरिएका उपन्यासहरूको मूल्याङ्कन गर्ने काम भएको छ। **चियाकमानको जनजीवन सन्दर्भित दार्जिलिङका नेपाली उपन्यासहरूको मूल्याङ्कन** शीर्षक रहेको यस अध्यायमा औपन्यासिक प्रवृत्ति खुट्ट्याउँदै तिनको वस्तुगत र प्रस्तुतिगत मूल्याङ्कन गर्ने प्रयास गरिएको छ। अध्ययन गरिएका उपन्यासहरूको स्तर निर्धारण गर्ने प्रयास गर्दै तिनमा रहेका मुख्य सबलता र दुर्बलता पनि औँल्याउने काम गरिएको छ। मुख्यतः समाजमा ती औपन्यासिक कृतिको उपादेयता र समाजमा तिनले पारेको प्रभावका सन्दर्भमा तिनको सफलता र असफलताको विवेचना गर्न खोजिएको छ।

शोध प्रबन्धमा रहेको अन्तिम अध्याय छैटौँ अध्याय हो। **उपसंहार र निष्कर्ष** यस अध्यायमा राखिएका छन्। यस शोधकार्यमा गरिएका कामको एउटा छोटो विवरण उपसंहारअन्तर्गत राखिएको छ भने बुँदागत रूपमा निष्कर्ष राखिएको छ। निष्कर्षअन्तर्गत प्रस्तुत शोधकार्यको प्राप्ति सङ्केत गरिएको छ। अन्तमा प्रमुख सन्दर्भ ग्रन्थको सूची वर्णानुक्रममा राखिएको छ। शोधकार्य वस्तुनिष्ठ, विषयअनुरूप भई यसको सीमाभित्र नै यो कार्य सम्पन्न होस् भन्ने सचेतता राखेर यो शोध प्रबन्ध तयार पार्दा जतिसक्दो तथ्य, वस्तु र विवरणको सम्पादन गर्ने प्रयास गरिएको छ।

## १.९ शोधकार्यको निष्कर्ष

यस शोधकार्यका मुख्य प्राप्ति र निष्कर्षलाई निम्नलिखित बुँदाहरूमा प्रस्तुत गरिएको छ-

- साहित्यका विधाहरूमध्ये उपन्यास एउटा नवीन र नित्य विकासमान विधा हो। विधा निर्माणको प्रक्रियामा यसले सधैँ नयाँ नयाँ प्रवृत्ति र शैलीको अन्तर्भावन गर्ने गरेको छ।
- उपन्यासको विषय समाज हो। समाजका विभिन्न क्रियाकलाप र घटनासित सम्बन्धित भएर यसले मानव समाजको चित्रण गर्दछ र एउटा कलात्मक रचनाका रूपमा आफूलाई प्रस्तुत गर्दछ।
- उपन्यासले मानव जीवनको चित्र प्रस्तुत गर्ने क्रममा मानवीय अनुभूति र रागात्मकतालाई पनि अँगाल्छ। मान्छेले सभ्यताको विकासमा विभिन्न सङ्घर्ष गर्दै र द्वन्द्व झेल्दै आफूलाई अस्तित्वमा राख्ने प्रयास गरिरहन्छ। मानिसका सङ्घर्षको कथा उपन्यासले प्रस्तुत गर्छ। मानिसको प्रकृतिसितको सङ्घर्ष, मान्छे मान्छेका माझको सङ्घर्षका साथै मान्छेका आफ्नै मनभित्रको द्वन्द्वलाई समेत उपन्यासले आफ्नो विषय क्षेत्रभित्र अन्तर्भुक्त गर्दछ।
- मानिस सामाजिक प्राणी हो। समाजका सबै कुराहरूद्वारा ऊ प्रभावित भइरहेको हुन्छ भने मानिसद्वारा समाज पनि उसै गरी प्रभावित भइरहेको हुन्छ। समाज संरचनाका विविध घटकहरू संस्कृति, धर्म, अर्थ, राजनीति इत्यादिमा मानिसको सहभागिता र यस्ता कुराद्वारा मानिसलाई पर्ने प्रभावले समाजको विकास निर्धारित भएको हुन्छ। यसरी व्यक्ति र समाजमाझका सम्बन्धको अध्ययन, निरीक्षण, विश्लेषण गर्ने काममा उपन्यास एउटा सशक्त माध्यम हो।
- आर्थिक स्थिति मान्छेको एउटा मूल पक्ष हो। मान्छेका आधारभूत आवश्यकता वा प्रयोजनको पूर्ति आर्थिक वा भौतिक सम्पदाद्वारा हुने गर्छ। अर्थनैतिक

शक्तिद्वारा मानिस प्रत्यक्ष-परोक्ष सञ्चालित भइरहेको हुन्छ। मान्छेका सङ्घर्षको एउटा मुख्य आधार नै आर्थिक स्थिति हो। उपन्यासमा पाइने वर्गीय पात्र र द्वन्द्वको पहिचान पनि आर्थिक आधारमा गर्न सकिन्छ।

- ऐतिहासिक घटनाद्वारा सञ्चालित मानव समाज विगतको परिणामलाई भोग्दै वर्तमानमा बाँच्छ अनि उसै गरी आजका मानिसहरूको सङ्घर्ष भोलिको इतिहास हो। ऐतिहासिक शृङ्खलामा आबद्ध रहेर नै व्यक्ति र समाजले विकास गरेको हुन्छ।
- दार्जिलिङमा चियाखेतीको विस्तार अङ्ग्रेजी उपनिवेशवादकै अङ्गका रूपमा भएको हो। सिक्किम र नेपालका माझमा मध्यस्तता गर्दागर्दै यहाँको भूमि र जलवायुद्वारा आकर्षित बनेर ब्रिटिसले सिक्किमबाट दार्जिलिङको भूमि सन् १८३५ मा मैत्री भेटस्वरूप ग्रहण गर्‍यो। यसपछि दार्जिलिङमा सहर बसाउनका साथै चियाखेतीको विकास अङ्ग्रेजी सरकारको अनुमति र रेखदेखमा सम्भव भयो।
- दार्जिलिङको चियाखेतीका निम्ति अधिकांश नेपाली मजदुरहरू नियुक्त गरिए। स्थानीय मानिसहरूले मात्र नपुगेर टाढा टाढाका गाउँमा गई अनि नेपालसम्म पुगेर सरदारहरूले कमानमा चाहिने कुल्ली, मजदुरहरू बटुलेर ल्याए। यसरी चियाकमानको स्थापनादेखि नै कमानका मजदुर र उनीहरूका सन्तानले चिया उद्योगको विकास गर्नका साथै यसलाई जिउँदो राखेका छन्। चियाकमान नै आफ्नो घर-संसार ठान्ने मनोभावका साथ यी मजदुरहरू चियाखेतीमा सक्रिय छन्।
- चियाखेतीको आरम्भिक समयतिर कमानका मजदुरहरूले निकै भुक्तमान खपेर यसलाई एउटा उद्योगका रूपमा स्थापना गर्ने काममा सघाउ पुर्‍याए। बासको उचित व्यवस्था नहुँदा, स्वास्थ्य उपचारको राम्रो बन्दोबस्त नहुँदा पनि

दार्जिलिङजस्तो भौगोलिक रूपले विकट र चियो जलवायु भएका ठाउँमा अनेक दुःख कष्ट सहँदै, बिमार हुँदै पनि मजदुरहरूले काम गरे।

- चियाकमानका मालिकहरूको मुख्य ध्येय अधिकभन्दा अधिक नाफा कमाउनु थियो। त्यसैले कमान मालिकका निम्ति श्रमिकहरू उत्पादनको एउटा साधन थिए। थोरै रोज दिएर अधिक काम लिने ध्येयमा उनीहरू उद्यत रहन्थे। यसो हुँदा कमानका श्रमिकहरूको अवस्था खान र लाउनाको धौ-धौमा नै सीमित थियो। ब्रिटिसका समयमा सुरूका ५०-६० वर्षसम्म त रोजको कुनै निश्चित मापदण्ड नै थिएन। वर्तमान समयमा पनि श्रमिकको रोज ९० रुपियाँ र बजारभाउको तुलना गरे कमजोर आर्थिक अवस्थाको चित्र स्वतः अघि आउँछ।
- सुरुका दिनहरूमा कमानमा कुनै ट्रेड युनियन पनि थिएन। कमानहरूमा रोज पनि एउटै र एकसमान थिएन। कुनै कमानमा थोरै हुन्थ्यो भने कुनै कमानमा अलिक बढी रोज हुने गर्थ्यो। श्रमिकहरू सङ्घबद्ध भइनसकेको समयमा उनीहरूमाथि हुने पक्षपात र अन्यायका विरुद्धमा उनीहरू आवाज उठाउन असमर्थ थिए। चियाकमानको स्थापना भएको झन्नै एक शताब्दी बितिसक्दा सन् १९४० को दशकतिर मात्र दार्जिलिङका कमानतिर ट्रेड युनियनहरू खोलिए। यसपछि मजदुरहरूमा सङ्घबद्धताको चेतनाले विस्तार पायो र यसले कमानका मालिकहरूलाई मजदुरका पक्षमा कतिपय कुरामा सम्झौता गर्न बाध्य गरायो।
- स्वाधीनतापछि कमानको अवस्थामा कतिपय सुधार आएको पाइयो भने नयाँ मालिकहरूको आगमनले कमानमा अनुभवी प्रबन्धनको कमी पनि हुनगयो। कतिपय कमानहरूको राष्ट्रियकरण भई ती कमानहरू राज्य सरकार र केन्द्र सरकारका अधीनमा पनि आए। 18 DEC 2012
- वर्तमान समयमा चियाकमानहरूमा मजदुरहरूले कतिपय सहुलियत पाइरहेका छन्। श्रमिकहरूलाई बस्ने क्वार्टर दिइन्छ, उनीहरू हप्तामा वा कतै कतै पन्ध्रमा

241113

LIBRARY NBU DARJEELING

सब्सिडाइज्ड दरमा रासिन पाउँछन्, कमानहरूमा स्वास्थ्य जाँच केन्द्र तथा बेड भएका अस्पतालहरू पनि निर्माण गरिएका छन् साथै प्रायः कमानहरूमा केही नभए पनि प्राइमरी स्कुलहरूको स्थापना भएको पाइन्छ। तकदाह, नागरी, पोखेबुङ, गिङ, फुगुडी इत्यादि कमानहरूमा माध्यमिक तथा उच्च माध्यमिक स्कुलहरूको स्थापना भएको छ। यसरी आज अधिकांश कमानहरूमा आवास, शिक्षा तथा स्वास्थ्यझैं आधारभूत कुरा उपलब्ध छन्।

- नेपाली उपन्यासमा चियाकमानको जनजीवनको चित्रणका सन्दर्भमा **आज रमिता छ, दुई मुहान एक स्रोत, दुई पात एक सुइरो, फूलमाया, मने, यन्त्रणा, नयाँ क्षितिजको खोज, जुनेली रेखा, सहारा र तर कहिले?** उपन्यासहरू यस विषयका प्रतिनिधि रचनाका रूपमा पाइए। यसरी चियाकमानको आरम्भ भएदेखि एक शताब्दी बितेर सन् १९६४ मा **आज रमिता छ** छापिएपछि मात्र नेपाली उपन्यासमा चियाकमानका जनजीवनले प्रवेश पाएको देखियो। कमानमा शिक्षाको व्यवस्थामा गरिएको ढिल्याइँ यसको एउटा कारण हुने बुझिएको छ। चियाकमानको स्थापना भएको डेढ सय वर्ष भइसक्दा पनि यस क्षेत्रबाट सम्बन्धित विषयमा औपन्यासिक कृतिहरूको रचना अपेक्षाकृत थोरै भएको पाइन्छ। एक दर्जन जति उपन्यासहरूमा चियाकमानको जनजीवन चित्रित पाइएकाले सिर्जनाको यो पक्ष आलोच्य पनि देखिन्छ।
- चियाकमानका जनजीवनको सन्दर्भ ग्रहण गर्ने उपन्यासका लेखकहरू चियाकमानकै भूमिमा जन्मेका, हुर्केका छन्। त्यो हुँदा चियाकमानको जीवनलाई नजिकबाट हेर्ने, पर्यवेक्षण गर्ने अवसर मात्र उनीहरूले पाएनन् तर चियाकमानको जीवन भोग्नका साथै कमानमा कामसम्म पनि उनीहरूले गरेका छन्। यसप्रकार आफ्नै जीवनसित जोडिएका विविध पक्षको चित्रण-वर्णन गर्दा यथार्थको अङ्कन स्वाभाविक र ऐतिहासिक विषय सुहाउँदो भएको पाइयो।

- दार्जिलिङका चियाकमानको जनजीवन मुख्यतः नेपालीभाषी समाज हो। चियाकमानमा सम्पर्कको भाषा नेपाली छ। नेपालीभाषी समाजमा प्रचलित रीति-रिवाज, व्यवहार, संस्कार-संस्कृतिको पालन यहाँ हुन्छ। सोही कुरा उपन्यासहरूमा पनि पाइन्छ। विशेष गरी **दुई पात एक सुइरो, फूलमाया** र **जुनेली रेखा** उपन्यासमा चियाकमानको लोकजीवन प्रतिबिम्बित भएको छ। यी उपन्यासहरूमा दार्जिलिङका चियाकमानहरूमा प्रचलित लोकगीत, चाड-पर्व, सामाजिक संस्कार, बिहे, धामी-झाँक्री इत्यादि कुराहरूको प्रसङ्ग आएका छन्। वस्तुतः उपन्यासहरूले नेपालीभाषी समाजको सांस्कृतिक चित्र अङ्कन गरेका छन्।
- चियाकमानका जनजीवनको सामाजिक इतिहास उपन्यासहरूमा लिखित छ। **आज रमिता छ, जुनेली रेखा, सहारा, नयाँ क्षितिजको खोज** उपन्यासमा आएका कतिपय प्रसङ्गहरू इतिहासमा भएकै घटनाहरूसित सम्बन्धित छन्। सिक्किमबाट दार्जिलिङ अङ्ग्रेजहरूले पाएको, चियाकमानको स्थापना, सन् १९५५ मा मार्गरेट्स होप चियाकमानमा भएको गोलीकाण्ड अनि त्यस गोलीकाण्डमा मर्नेहरूका नाउँ र तिथि-मिति इत्यादिको विवरण उपन्यासमा ऐतिहासिक सत्यका रूपमा आएको छ। यस प्रकार उपन्यासमा दार्जिलिङका चियाकमानको सामाजिक इतिहास प्रस्तुत भएको छ।
- चियाकमानका श्रमिकहरू आफ्ना अधिकारका निम्ति सङ्घबद्ध भएको अनि मालिक तथा प्रबन्धन पक्षका विरुद्धमा आन्दोलन गरेको कुरालाई **आज रमिता छ, यन्त्रणा, दुई मुहान एक स्रोत** उपन्यासहरूले विशेष स्थान दिएका छन्। जुलुस, हडताल, आन्दोलन, चुनाउ इत्यादिमा अंश ग्रहण गर्दै श्रमिकहरूले आफ्ना नेताको समेत चुनाउ गरेको प्रसङ्ग उपन्यासमा आएका छन्। श्रमिकवर्गको आन्दोलनलाई वर्ग सङ्घर्षका रूपमा पनि देखाउँदै उपन्यासले चियाकमानमा मालिकवर्ग र मजदुरवर्ग स्पष्ट रूपमा विभाजित रहेको देखाएको छ। यस

सन्दर्भमा विशेष गरी यन्त्रणा उपन्यास निकै महत्त्वपूर्ण देखिन्छ। यस उपन्यासभरि नै मजदुरहरूको राजनैतिक क्रियाकलापको आख्यानीकरण भएको छ।

- चियाकमानको भूमिसित श्रमिक-मजदुरहरूको संलग्नता उनीहरूको आस्तित्विक पक्ष देखिन्छ। यसै भूमिसित उनीहरूको भूत, वर्तमान र भविष्य जोडिएको छ; भूमिसित जोडिएको श्रमिकहरूको रागात्मकताको अभिव्यक्ति पनि उपन्यासहरूमा भएको पाइन्छ।
- एउटा ठुलो सङ्ख्यामा मानिसहरू चियाकमानको भूमिमा बसोबास गर्दै आइरहेका छन्। डेढ सय वर्षभन्दा अधिक समय बिताएर उनीहरूका कति पुस्ता यिनै चियाकमानमा बितिसकेको भए तापनि श्रमिकहरूको आर्थिक स्थितिमा ठुलो परिवर्तन देख्न पाइँदैन। आरम्भिक समयमा भन्दा केही बेसी सहुलियत उनीहरूले पाएका छन्; रासिन पाउने, बोनस पाउने, आफ्ना उत्तराधिकारीले कमानमा नै काम पाउनेजस्ता सहुलियत उनीहरूले पाए तापनि युगौंदेखि आफू बसोबास गर्दै आएको भूमिमा आफ्नो स्वामित्व उनीहरूले पाएका छैनन्, आफू बसेको भूमिको पट्टा उनीहरूलाई वितरण गरिएको पाइएन।

## १.१० भावी शोधकर्ताका लागि सुझाउ

चियाकमानको जनजीवन सन्दर्भित दार्जिलिङका नेपाली उपन्यासहरूको समाजपरक अध्ययन गर्ने कार्य यस शोध प्रबन्धमा गरिए तापनि साहित्यका माध्यमबाट सामाजिक जीवनको अध्ययन गर्ने यो एउटा प्रयास र आरम्भ मात्र ठानिएको छ। यस क्षेत्रमा अध्ययनका अनेक सम्भावना रहेको ठानिन्छ। चियाबारीको जनजीवनको चित्रण गर्ने उपन्यासलाई आधार गरी अन्यान्य शीर्षकमा पनि अध्ययन

हुन सक्ने सम्भावना विचार गर्दै भावी शोधकर्ताका निम्ति शोधकार्यका केही शीर्षक सुझाउका रूपमा प्रस्तुत गरिन्छ-

- **चियाबारीको जनजीवन सम्बन्धित नेपाली उपन्यासमा उपनिवेशवाद**
- **चियाबारीको लोकजीवन र नेपाली उपन्यास – सांस्कृतिक अध्ययन**
- **चियाबारीको जीवनको आलोकमा नेपाली उपन्यासमा पाइने राजनैतिक चेतना**
- **चियाबारीको जनजीवनसित सम्बन्धित उपन्यासमा पाइने वर्गचेतना र समाजवादी यथार्थवाद**